नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं

# विद्युतीय अन्य अतिरिक्त सेवा (**Digital Value Added Services (DVAS)**) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०८०

असार, २०८०

# विद्युतीय अन्य अतिरिक्त सेवा (**Digital Value Added Services (DVAS)**) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** प्रविधिको विकास संगै थप एवं परिष्कृत हुँदै आएका दूरसञ्चारका अतिरिक्त सेवाहरुलाई प्रभावकारी रुपमा नियमन गरी प्रतिष्पर्धात्मक वातावरण तयार गरी उचित मूल्यमा भरपर्दो, सुरक्षित र स्तरीय सेवा प्रवाह हुने उद्देश्य राखी यो कार्यविधि लागू गरिएको छ |

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम “विद्युतीय अन्य अतिरक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०८०” रहेको छ |

(ख) यो कार्यविधि नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ |

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ऐन” भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनुपर्छ |

(ख) “नियमावली” भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनुपर्छ |

(ग) “विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value-Added Services (DVAS))” भन्नाले दूरसञ्चार सेवा (जस्तै PSTN, Mobile, Internet) प्रयोग गरी प्रदान गरिने दूरसञ्चारका मुख्य सेवाहरु (Voice, SMS(P2P) र MMS(P2P)) बाहेकका अन्य जुन सुकै प्रकारका सेवाहरु सम्झनुपर्छ |

(घ) “प्राधिकरण” भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम गठित नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ |

(ङ) “ग्राहक” भन्नाले विद्युतीय अन्य अतिरिक्त सेवा प्रयोग गर्ने व्यक्ति सम्झनुपर्छ |

**३. DVAS सेवा संचालन सम्बन्धी व्यवस्था**

विद्युतीय अन्य अतिरिक्त सेवाहरु संचालन गर्न चाहने व्यक्ति प्राधिकरणमा सुचिकृत हुनु पर्नेछ | उक्त सेवा सञ्चालन गर्न चाहने व्यक्ति कुनै पनि DVAS Partner अथवा SMS Aggregator हुन सक्नेछ ।

३.१. <u>सुचिकृतको लागि निवेदन दिनु पर्ने :</u> DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले नियम अनुसार आफूले संचालन गर्न चाहेको सेवा सम्बन्धी सेवा संचालन कार्य योजना संलग्न

गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ । निवेदनका साथ देहाय बमोजिमका कागजातहरु संलग्न हुनु पर्नेछ :

देहायः

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) VAT प्रमाणपत्रको प्रतिलिपि

(ग) सेवा संचालन कार्य योजना

(घ) दूरसंचार सेवा प्रदायकसँग भएको सेवा सञ्चालनको No Objection को प्रतिलिपि

(पुनश्चः No Objection प्रदान गरे बापत सेवा प्रदायकहरु सेवा प्रदान गर्न बाध्य हुने छैनन् ।)

३.२. <u>हाल संचालनमा रहेका **DVAS** सेवा प्रदायकहरुको हकमा :</u> यो कार्यविधि लागू हुनु पूर्व DVAS सेवा सञ्चालन गरिरहेका व्यक्तिले आफूले सञ्चालन गरेका DVAS सेवाको विवरण संलग्न गरी प्राधिकरण समक्ष सूचीकृतको लागि यो कार्यविधि लागू भएको मितिले ९० दिनभित्र सम्बन्धित सेवा प्रदायकसँग भएको सम्झौता पत्रको प्रतिलिपिका साथै दफा ३.१(क) तथा ३.१(ख) मा उल्लेखित कागजात सहित निवेदन दिनुपर्नेछ ।

३.३. <u>सेवा संचालन कार्य योजनामा खुलाउनु पर्ने विषयहरु :</u> दफा ३ को उपदफा ३.१ बमोजिम संलग्न गर्नु पर्ने सेवा संचालन कार्य योजनामा निवेदकले अन्य विषयहरुको अतिरिक्त देहायका बिषयहरु अनिवार्य रुपमा खुलाएको हुनु पर्नेछ :-

(क) DVAS सेवाको संचालन विधि,

(ख) DVAS सेवा संचालनको लागी चाहिने पूर्वाधार र त्यसको गुणस्तर तथा क्षमता,

(ग) कानून बमोजिम सम्बन्धित निकायको अनिवार्य सहमति आवश्यक हुने सेवाको हकमा DVAS सेवा प्रदायकले त्यस्तो सेवाको आधिकारिकता/प्रमाणिकरण खुल्ने सम्बन्धित निकाय वा अधिकारीको सहमतिपत्र/प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३.४. <u>**DVAS सेवा संचालनको लागि सहमतिको प्रमाणपत्र :**</u>

(क) दफा ३ को उपदफा ३.१ बमोजिंम कुनै निवेदन परेमा प्राधिकरणले सो निवेदन र निवेदन साथ संलग्न कागजातहरु जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा DVAS सेवा संचालन गर्न योग्य देखिएमा DVAS सेवा संचालनको लागि सहमतिको प्रमाणपत्र प्रदान गरिनेछ ।

(ख) DVAS सेवा प्रदायकले प्राधिकरणबाट सेवा सञ्चालन गर्न कुनै सहमति लिए पश्चात् थप अन्य सेवा सञ्चालन गर्नुपरेमा DVAS सेवा प्रदायकले सो सम्बन्धमा थप सेवाको लागि समेत प्राधिकरणबाट सहमति लिनुपर्नेछ ।

### ३.५. DVAS सेवा संचालनको लागि आवश्यक नम्बर एवं महसुल दर स्वीकृत सम्बन्धमा :

(क) DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले प्राधिकरणमा सुचिकृत गराए पश्चात् सेवा संचालनको लागि सेवा शुल्क एबं आवश्यक पर्ने भएमा नम्बर स्वीकृतिको लागि सम्बन्धित सेवा प्रदायक मार्फत सेवाको बिस्तृत विवरणहरु (सेवाको विवरण, सेवा शुल्क तथा सेवाको अवधि खुल्ने कागजात) सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ | निवेदन प्राप्त भए पश्चात् प्राधिकरणले उक्त सेवाको लागि आवश्यक नम्बर उपलब्ध गराउने छ र सेवा शुल्क स्वीकृत गर्ने छ |

(ख) खण्ड (क) बमोजिमको स्वीकृति पश्चात् मात्र DVAS सेवा संचालकले उक्त सेवा संचालन गर्न सक्नेछ |

## ४. अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था :

(क) दफा ३ को उपदफा ३.३ बमोजिम प्रदान गरिने सहमतिको अवधि बढीमा ५ वर्षको हुनेछ |

(ख) सेवा सञ्चालनमा नरहेमा वा कुनै कारणले सेवा बन्द भएमा सेवा सञ्चालनमा नरहेको वा सेवा बन्द भएको जानकारी तत्काल प्राधिकरण तथा सम्बन्धित सेवा प्रदायकलाई गराउनुपर्नेछ र उक्त सेवा प्रवाहको लागि प्रयोग भएको नम्बर तत्काल बन्द गर्न सम्बन्धित सेवा प्रदायकलाई अनुरोध गर्नुपर्नेछ | साथै सेवा प्रदायकले उक्त नम्बर तत्काल बन्द गर्नुपर्नेछ ।

(ग) प्राधिकरणबाट प्रदान गरिने सेवा संचालनको सहमति नवीकरण गर्न चाहेमा अवधि समाप्त हुनु भन्दा ३ महिना अगावै प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ र उक्त निवेदन उपर प्राधिकरणले नवीकरण गर्न सक्नेछ | नवीकरणको समयावधि ५ बर्ष सम्मको हुनेछ |

(घ) DVAS सेवा सञ्चालकले सेवा सञ्चालनमा रहेको/नरहेको विवरण प्रत्येक बर्ष श्रावण १५ गते भित्र प्राधिकरण समक्ष पेश गर्नुपर्नेछ ।

(ङ) समयमा नवीकरण नगरेका DVAS सेवा संचालनको लागि प्रदान गरिएको सहमति स्वतः खारेज हुनेछ |

**५. अनुगमन तथा निरीक्षणः** प्राधिकरणले दूरसञ्चारका अन्य अतिरिक्त सेवाहरु संचालन गर्ने सेवा प्रदायकहरुले यस कार्यविधि बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा आवश्यकता अनुसार समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

**६. कार्यविधिको पालनाः**

(क) DVAS सेवा सञ्चालकले यस कार्यविधिमा भएको व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

(ख) DVAS सेवा सञ्चालकले यस कार्यविधिको पालना नगरेको पाईएमा वा DVAS सेवा प्रदायकले सेवा सञ्चालन गर्दा अनाधिकृत क्रियाकलापहरु गरेको पाईएमा ऐन तथा प्रचलित कानूनको अधीनमा रहि प्राधिकरणले DVAS सेवा प्रदायकलाई कारवाही गर्न सक्नेछ ।

**७. कार्यविधिको कार्यान्वयन एवं व्याख्या गर्न सक्नेः**

(क) DVAS सेवा सञ्चालकले यस कार्यविधिको व्यवस्था अनुसार कार्य नगरेमा प्राधिकरणले DVAS सेवा सञ्चालनको लागि प्रदान गरेको सहमति खारेज गर्न सक्नेछ । तर त्यस्तो सहमति खारेज गर्नु पूर्व सफाईको मौका दिईनेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयन एवं व्याख्यामा द्विविधा उत्पन्न भएमा प्राधिकरणको निर्णय अन्तिम हुनेछ ।